जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ६९ • २०८० पौष १६ गते सोमवार • 1 Jan. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-

आज फस्ट जनवरी २०२४,अन्तर्राष्ट्रिय नव वर्ष

## विश्वमा सबैभन्दा पहिले कहाँ मनाइदै छ नयाँ वर्ष २०२४ ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १५ पौष**




नयाँ वर्ष २०२४ लाई विश्वभर स्वागत गरी भव्य रुपमा विभिन्न कार्यक्रमहरु गरी मनाइदै छन्। केही देशहरू छन् जहाँ नयाँ वर्ष उत्सव सबैभन्दा पहिला सुरु हुन्छ। सम्पूर्ण विश्वलाई २४ वटा टाइम जोनमा विभाजन गरिएको छ, त्यसैले विभिन्न समय क्षेत्रका आधारमा विभिन्न देशहरुमा नयाँ वर्ष मनाइन्छ।

प्रशान्त महासागरमा सबैभन्दा पहिला नयाँ वर्षको उत्सव सुरु हुन्छ। अकल्याण्ड र सिड्नीमा निकै तयारी गरिएको छ। सन् २०२४ को नयाँ वर्षको पहिलो उत्सव प्रशान्त महासागरको एउटा सानो टापु देश किरिबाटीको लाइन टापुमा मनाइँदैछ । नेपाली समयअनुसार आइतबार दिउँसो ३:४५ बजेदेखि लाइन टापुमा नयाँ वर्ष शुरु भएको हो । लाइन

बांकी पृष्ठ २

## मधेश प्रदेश सभाको एक वर्षको काम मात्र बजेट पास

**शैलेन्द्र महतो**
**धनुषा, १५ पौष**




मधेश प्रदेश सभाको दोस्रो कार्यकालको एक वर्ष आज पूरा भएको छ । १५ पुस २०७९ मा दोस्रो कार्यकालका लागि चुनिएका मधेश प्रदेश सभाका १०४ सदस्य (पहिले १ र पछि २) गरी १०७ जनाले पद तथा गोपनीयताको शपथ लिएका थिए । प्रदेश सभा सचिवालयका प्रवक्ता अरुणकुमार झाका अनुसार, एक वर्षमा पहिलो अधिवेशनमा ३६ वटा बैठक बसेको थियो । चालु दोस्रो अधिवेशनमा ११ वटा बैठक बसेर हाल बैठक स्थगित भएको छ। यो अवधिमा प्रदेश सभामा जम्मा ९ वटा विधेयक पेश भएका छन्। जसमध्ये मधेश प्रदेशको केही ऐन संशोधन गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८०, र मधेश प्रदेश विनियोजन विधेयक २०८० मात्रै पारित हुनसकेको प्रवक्ता झाले जानकारी दिए। आर्थिक र विनियोजन विधेयकलाई छुट्टै कानुनका रूपमा

बांकी पृष्ठ २

## होटेल परफेक्ट प्लाजाका सञ्चालक साह सम्मानित




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ पौष**

नागरिक उडयन प्राधिकरण अन्तर्गतको नागरिक उड्यन कार्यालय जनकपुरधामले होटेल परफेक्ट प्लाजाका सँचालक प्रदीप कुमार साहलाई सम्मान गरिएको छ । जनकपुरधाम विमानस्थलमा विभिन्न तवरले सहयोग पुर्याएकोमा उड्यन कार्यालय जनकपुरधामको २५ औं वार्षिकोत्सवको अवसर मा होटल व्यावसायी साहलाई सम्मान गरेको हो ।

सो अवसरमा विभिन्न क्षेत्रका व्यक्तित्वलाई उड्यन कार्यालयले पुरस्कार र सम्मान समेत गरेको छ ।

## भंगहा-जयनगर रेलसेवा २० महिनामै १३ करोड घाटामा




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ पौष**

एक अर्ब बढी लगानी गरेर संचालनमा आएको भंगहा-जनकपुर-जयनगर रेलसेवा आम्दानी भन्दा दोब्बर खर्चमा रहेको खुलेको छ। संचालनमा आएको २० महिनामा पनि नेपाल रेल्वे कम्पनीको खर्चको तुल्नामा आम्दानी बढाउन सकेको छैन । रेलमा १७ जना भारीय जनशक्ति छ। उनीहरुको तलबभत्ता, सरसफाई र मर्मतसम्भार को नाममा नेपाल रेल्वे कम्पनीले

बांकी पृष्ठ २

## नेपाल धानुक समाजको जिल्ला अधिवेशन हुँदै



**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १५ पौष**


नेपाल धानुक समाज जिल्ला कार्य समिति महोत्तरीको महोत्तरी जिल्ला अधिवेशन हुने भएको छ। आइतवार जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित ईन्द्रेणी पार्टी पैलेसमा धानुक जातीका वयोवृद्ध लक्ष्मण मण्डलको अध्यक्षतामा बठेको जातिय अगुवाहरुको बैठकले नेपाल धानुक समाज महोत्तरीको जिल्ला अधिवेशन आउँदो पुस २० गते शुक्रबारका दिन

बांकी पृष्ठ २

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।






रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





भंगहा नगरपालिकाको कार्यालय,महोत्तरी

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

### चिसोबाट बचौ र जरुतमन्दलाई सहयोग गरौं

शनिवारदेखि तराईमा देखिएको अत्यधिक चिसोका कारण यहाँको जनजिवन प्रभावित भएको छ। दुई दिनदेखि सूर्यको प्रकाश नदेखिएको कारण यहाँ चिसो अत्यधिक बढन गएको हो। यतिबेला चिसोबाट सबै जनाले बच्न आवश्यक रहेको देखिन्छ। साथै आफ्नो वरिपरी रहेका जरुतमन्द तथा गरिव असाहय व्यक्तिहरुलाई न्यानो कपडा लगायतका सामाग्रीहरु दिएर सहयोग गर्ने बेला आएको छ।

यसैगरी अहिले उत्तर भारतीय क्षेत्रमा चिसो बढ्दै गएको भारतको मौसम विज्ञान विभाग (आईएमडी) ले शनिबार जनाएको छ। विभागले पञ्जाबको अधिकांश भागहरूमा ७-१०डिग्री सेल्सियसको दायरामा न्यूनतम तापमान रेकर्ड गरेको छ। राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीका अनुसार शनिबार बिहान दिल्ली, राजस्थान र मध्ये प्रदेशका लगायतका क्षेत्रको तापक्रम ७-१० डिग्री सेल्सियसको बीचमा रहेको बताएको छ। कडा चिसोले उत्तर भारतको विशाल भागलाई चपेटामा परेको छ। बाक्लो कुहिरोले शहरहरू ढाकेको छ। स्थानीयहरू न्यानोको लागि आगोको वरिपरि झुम्मिरहेको दृश्य देखिन्छ। उत्तर प्रदेशको प्रयागराज, जयपुर, राजधानी लगायतका शहरहरू शनिबार बिहान सित लहरसँगै बाक्लो कुहिरो लागेको थियो। पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थान लगायतका क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरो भारतको मौसम विज्ञान विभाग (आईएमडी) द्वारा कैद गरिएको थियो। मौसम विभागले डिसेम्बर ३० देखि जनवरी दुई सम्म जम्मू-कश्मीर-गिलगिट-बाल्टिस्तान- हिमाचल प्रदेश,उत्तराखण्डमा अधिक कुहिरो लाग्ने सम्भावना उल्लेख गरेको छ। बाक्लो कुहिरोका कारण यात्रुहरूले पनि कठिनाइको सामना गर्नु परको छ। धेरै उडान तथा रेलहरू कम दृश्यताका कारण ढिलो र परिवर्तन भएका छन्। स्रोतका अनुसार शनिबार बिहान ८:३० बजेसम्म दिल्लीको आईजीआई एयरपोर्टमा मौसमको अवस्थाका कारण करिब ८० उडानहरू ढिलाइ भएको बताइएको छ। शनिवार कुहिरो तथा खराब बातावरणको कारण जनकपुरधाममा समेत हवाई जहाज अवतरण गरिएको थिएन। अहिले स्थानिय सरकारले जनताको समस्यालाई ध्यान दिदै न्यानो कपडा तथा दाउरा बाँडनु पर्ने आवश्यकता रहेको देखिन्छ। किनभने यतिबेला जाडो तथा अत्यधिक चिसो कारणले जरुतमन्द व्यक्तिहरु अकाल मृत्यु पाएका हुन्छन्। अहिले सामान्य व्यक्तिहरुले समेत न्यानो कपडा कपडा लगाउने,झोलिलो खानेकुरा खानुपर्ने,हिटर वा दाउराबाट शरिर न्यानो राख्नुपर्दछ।

### मधेस प्रदेश ......

गणना गर्ने चलन छैन। यी दुई विधेयक वर्षेनि बजेट तथा राजस्व निर्धारण गर्नेसँग सम्बन्धित छन्। अर्को पास भएको विधेयक पनि केही ऐन संशोधन गर्न बनेको विधेयक पास भएको हो। त्यो पनि साविक प्रदेश नं. २ उल्लेख भएका ऐनहरूमा 'मधेश प्रदेश' उल्लेख गर्नका लागि पारित गरिएको हो। यसरी हेर्दा दोस्रो कार्यकालमा प्रदेशसभाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट मात्रै पास गरेको हो। यो अवधिमा प्रदेश सभामा टेबल भएका ६ वटा विधेयक प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बाल अधिकार ऐन २०७९ को पहिलो संशोधन विधेयक छन्। यस्तै मधेश प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश कृषि विकास विधेयक २०८० र स्थानीय सेवाको गठन, सञ्चालन र सेवा शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० छन्। यी विधेयकहरू छलफलकै क्रममा विचाराधीन छन्। सरकारले बिजनेस नदिंदा प्रदेशसभाले अपेक्षित काम गर्न नसकेको सभामुख रामचन्द्र मण्डलको भनाइ छ। 'प्रदेश सभालाई बिजनेस चाहियो, बिजनेसको अभाव छ', सभामुख मण्डलले भने। उनले विगतको जस्तो हतारमा कानुन बनाउन नचाहेकोले पनि विधेयकहरू छलफलको क्रममा रहेको बताए। 'अधिल्लो कार्यकालको जस्तो हामी हतार-हतारमा कानुन बनाउन चाहँदैनौं। परिपक्व कानुन बनोस् भन्ने हाम्रो चाहना छ', उनले भने। अपेक्षित काम नगरे पनि यो १२ महिनामा सभामुख, उपसभामुख, तिनका सचिवालय, सांसदहरू र तिनका स्वकीय सचिव, दलका नेता, प्रमुख सचेतक, तिनका सचिवालय, संसदीय समितिका सभापति, तिनका सचिवालय लगायतको तलब सुविधामा मात्रै करिब १८ करोड रुपैयाँ खर्च भएको सचिवालयले जनाएको छ।

*संसदीय समितिको काम पनि सुस्त*

प्रदेश सभाको मात्र होइन, प्रदेशका सातवटै संसदीय समितिको भूमिका पनि कमजोर देखिएको छ। १४ मंसिरमा मात्रै मधेश प्रदेश सभाका सातवटै संसदीय समितिका सभापति चयन भएका थिए। २ असारमा पाँचवटा र १४ मंसिरमा कृषि तथा भूमि व्यवस्थापन समिति र प्रदेश मामिला समिति सभापतिको चयन भएको थियो। प्रदेशसभामा प्रतिनिधित्व गर्ने एकभन्दा बढी सांसद रहेका सातवटा दलले भागबन्डामा समिति सभापति लिएका छन्। पहिले गठन भएको समितिमा १२ वटासम्म बैठक बसेको छ, तर काम भने खासै प्रभावकारी देखएको छैन। प्रदेश मामिला समिति : भर्खरै नेतृत्व पाएको प्रदेश मामिला समितिको तीनवटा बैठक बसेको छ। बैठकहरूमा आगामी कामकारबाही, समिति सञ्चालन विषयमा कार्यविधि बनाउने छलफल भएको प्रदेशसभा सचिवालयले जनाएको छ। स्थानीय सेवाको गठन, सञ्चालन र सेवा शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० समितिमा छलफलको क्रममा छ। अर्थ तथा योजना समिति : अर्थ तथा योजना समितिको सबैभन्दा बढी बैठक बसेको छ। प्रदेशसभा सचिवालयले उपलब्ध गराएको जानकारी अनुसार समितिले बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र एनजिओ तथा आईएनजिओका प्रतिनिधिहरूसँग सीआरएस (सामाजिक जवाफदेहिता) सम्बन्धमा छलफल गरेको हो।

### विश्वमा .......

टापुका बासिन्दाहरूले सुँगुरको भुटेको मासु, क्रेफिस र परम्परागत खानाको साथ नयाँ वर्ष मनाउँछन्। किरिबाटीको कुल जनसङ्ख्या एक लाख १९ हजार रहेको छ। यसको राजधानी तरावा हो।

### नेपाल .......

गर्ने सर्व सम्मतिले निर्णय गरेको हो। आउँदो शुक्रबार जलेश्वर नगर पालिका( २ स्थित नेपाल पत्रकार महासंघको भवनमा नेपाल धानुक समाज जिल्ला कार्य समिति, महोत्तरीको नयाँ पदाधिकारी तथा समिति चयनका लागि जिल्ला अधिवेशन गरिने निर्णय भएको हो। नेपाल धानुक समाज, महोत्तरीको जिल्ला अधिवेशनका लागि ७ सदस्यीय आयोजक कमिटि गठन गरिएको छ। जसको संयोजकमा राजकुमार मण्डल चुनिनु भएको छ भने सदस्यहरुमा बिजय मण्डल, संजय मण्डल, महेश मण्डल, अशोक मण्डल, चन्द्रशेखर मण्डल र रामदिनेश मण्डल चुनिनुभएको छ। त्यसैगरी आर्थिक समितिमा संयोजक बौएलाल मण्डल तथा सदस्यहरुमा रामईकवाल मण्डल र बिजय मण्डल चुनिनुभएको छ। करीब १५ वर्ष पश्चात हुन लागेको नेपाल धानुक समाज महोत्तरीको जिल्ला अधिवेशनमा जिल्लाको प्रत्येक पालिकाबाट ७ देखि १० जना सहभागी हुनेछन्।


### भंगहा .......


भारतीय कोकन कम्पनीलाई मासिक ७० लाख भारतीय रुपैयाँ बुझाउँदै आएको छ। जबकी प्रबन्ध संचालकसहित १०३ जना नेपाली कर्मचारीको मासिक तलब १७ लाख मात्र रहेको रेल्वे कम्पनीले जनाएको छ। कम्पनीका अनुसार रेल्वेको मासिक आम्दानी ७५ लाख छ। तर खर्च भने मासिक १ करोड २९ लाख भन्दा बढी छ। रेल्वे कम्पनीले मासिक ज्यालादारीमा कर्मचारीको भर्ना प्रक्रिया नगरेको भने होइन। १२९ जना कर्मचारीको मागसहित गरेको विज्ञापन प्रक्रिया नपुगेको भन्दै लोकसेवा आयोगले रोक लगाएपछि रेल्वेले अर्को प्रयास भने थालेको छैन। एकसाता भित्रै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रेल्वेको लागि चाहिने कर्मचारीहरु संगठन संरचना थाल्ने


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।





सोनमा गाउँपालिकाको कार्यालय,महोत्तरी


### तपाईको टुडे

मेष: मनमा चिन्ता बढने
वृष: परिवारिक सुख प्राप्ति
मिथून: प्रसंशा मिल्ने
कर्कट: खर्चमा बृद्धि हुने
सिंह: लाभ प्राप्त हुने
कन्या: शत्रुता बढने
तुला: आत्मीयता बढने
वृश्चिक: मिष्ठान भोजन मिल्ने
धनु: पढाईमा रुचि बढने
मकर: नयाँ काम पाइने
कुम्भ: साथीसँ ग भेटघाट हुने
मीन: भक्तीभाव बढने


### मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कुलुङ जातिले विभिन्न कार्यक्रम सहित मनाए नयाँ वर्ष

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १५ पौष

किराती वंशका कुलुङ जातिले आइतबार विभिन्न कार्यक्रमका साथ नयाँ वर्ष ५०८४ मनाएका छन् ।
नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान सङ्घ उपत्यका समिति, काठमाडौंले आइतबार गोकर्णेश्वर-३ सुन्ताथानस्थित किरात कुलुङ सामुदायिक तथा सांस्कृतिक भवनमा परम्परागत नाचगान, सांस्कृतिक प्रदर्शनी, कविता वाचनलगायतका कार्यक्रम आयोजना गरी नयाँ वर्ष मनाएका हुन् । सङ्घीय संसद्अन्तर्गत अर्थ समितिका सभापति सन्तोष चालिसेले सो कार्यक्रमको शुभारम्भ गर्दै मुलुकका हरेक जातजातिको धर्म, संस्कृति, मूल्य-मान्यताको संरक्षण एवं सम्वर्द्धन गर्ने जिम्मेवारी राज्यको भएकाले सोहीअनुसार सक्दो सहयोग भइरहेको बताए । उनले भने, 'हामी सबैको भाषा, धर्म, संस्कृति र मूल्य-मान्यतालाई मुलुकको संविधानले सुनिश्चित गरेको छ, यसको जगर्ने गर्ने जिम्मेवारी हाम्रै हो, सांस्कृतिक विविधता र स्रोतसाधनका दृष्टिले



सम्पन्न मुलुक नेपालमै बसी समृद्ध एवं समुन्नत राष्ट्रका पक्षमा सकारात्मक सोचसहित एकताबद्ध भई अघि बढौं ।' गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाले निर्माणाधीन कुलुङ सामुदायिक तथा सांस्कृतिक भवनका लागि सङ्घीय सरकारबाट २५ लाख रुपैयाँ प्राप्त भई ठेक्का प्रक्रियामा गएको जानकारी दिँदै भाषा, धर्म, संस्कृति संरक्षणका पक्षमा सक्दो सहयोग गर्न नगरपालिका सदैव तयार रहेको बताइन् । नेपाल किरात कुलुङ भाषा संस्कृति उपत्यका सङ्घका अध्यक्ष घनश्याम कुलुङको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा सङ्घका केन्द्रीय अध्यक्ष चन्द्रसिं कुलुङ, कुलुङ सम्बद्ध विभिन्न सङ्घ/संस्थाका प्रतिनिधिले प्रकृतिलाई पूजा गर्ने कुलुङ जातिले हरेक वर्ष पुस १५ गतेका दिन विभिन्न कार्यक्रमका साथ नयाँ वर्ष मनाउने गरेको जानकारी दिए । सो अवसरमा कुलुङ जातिको उत्थान, वृद्धि विकासमा आर्थिक, भौतिक तथा प्राज्ञिक रूपले सहयोग गर्ने विभिन्न व्यक्ति तथा सङ्घ/संस्थालाई कदर पत्रसहित सम्मान गरिएको थियो । यसैगरी सांस्कृतिक भवन निर्माणमा रु एक लाख दुई हजार नगद सहयोग गर्ने माया कुलुङलाई विशेष सम्मान गरिएको थियो ।

# २०२४ मा अभिनेता अक्षय कुमारका ७ फिल्म आउने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १५ पौष

अक्षय कुमारका लागि यो वर्ष खासै राम्रो रहेन । बक्स अफिसमा उनको एउटै फिल्मले जादु देखाउन सकेन । यो वर्ष आएको उनको पहिलो फिल्म सेल्फी थियो । इमरान हाशमीसँगको यो फिल्म मलयालम फिल्मको रिमेक थियो । यसले बक्स अफिसमा कुनै कमाल देखाउन सकेन । यस पछि आएको 'ओएमजी २' मा उनी सहायक भूमिकामा थिए । फिल्म हिट भयो । तर यसको सारा श्रेय पंकज त्रिपाठीलाई गयो । अक्टोबरमा आएको मिशन रानीगञ्ज: द ग्रेट भारत रेस्क्यु पनि फ्लप भयो । यो वास्तविक घटनामा आधारित फिल्म थियो । फिल्मलाई क्रिटिक्सहरुले राम्रो भने तर बक्स अफिसमा जादु गर्न सकेन । २०२२ मा उनको बच्चन पाण्डे, सम्राट पृथ्वीराज, रक्षाबन्धन र रामसेतु फ्लप भएको थियो । नयाँ वर्ष शुरु हुन लागेको छ । नयाँ वर्षबाट मान्छेले धेरै आशा गरेका छन् । अक्षय कुमार पनि आगामी वर्षलाई विशेष बनाउने तयारी गरिरहेका छन् । यो वर्ष उनको ७ वटा फिल्म आउँदै छ । जसमा कमेडी, एक्सन र रियल लाइफ स्टोरीमा आधारित फिल्म छन् । वर्षको सुरुमा 'वेदात मराठे वीर दौडले सात' रिलिज हुँदै छ । यो फिल्म यही वर्ष दिवालीमा रिलिज हुनेवाला थियो । तर सलमान खानको टाइगर ३ का कारण फिल्मको रिलिज रोकियो । यो फिल्मका निर्देशक महेश मांजरेकर हुन् । सूर्या स्टारर 'सोररई पोट्टरु'को हिन्दी रिमेक पनि २०२४ मा रिलिज हुँदै छ । फिल्मको पोष्ट प्रडक्शनको काम भइरहेको छ । सूर्याको फिल्मलाई दर्शकहरूले निकै मन पराएका छन् । यो रियल लाइफ स्टोरीमा आधारित फिल्म हो । 'बडे मिया छोटे मिया' वैशाखी वा ईदमा रिलिज हुनेछ । फिल्ममा अक्षय कुमारको साथमा टाइगर श्राफ पनि लिड रोलमा छन् । फिल्मलाई अली अब्बास जफरले



निर्देशन गरेका थिए । यसको बजेट ३०० करोड भारु भएको बताइएको छ । यो हाई-एक्सन फिल्म हो । रोहित शेट्टीको निर्देशनमा बनेका 'सिंघम अगेन'मा अक्षय कुमार पनि छन् । यो रोहितको कप युनिभर्सको ५औं फ्रेन्चाइजी हो । अक्षयको सूर्यवंशीमा अजय र रणवीर सिंहले धमाकेदार एन्ट्री गरेका थिए । सिंघम अगेनमा अक्षय सूर्यवंशीको भूमिकामा देखिनेछन् ।

# रोनाल्डो सन् २०२३ को सर्वाधिक गोलकर्ता बन्ने पक्का

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १५ पौष

क्रिस्टियानो रोनाल्डो सन् २०२३ मा विश्वकै सर्वाधिक गोलकर्ता बन्दै अन्त्य गर्ने भएका छन् । शनिबार साउदी प्रो लिगमा अल तावोउनविरुद्ध ४-१ को जीत हासिल गर्ने क्रममा गोल गर्दै रोनाल्डोले यो वर्षको ५४ औं गोल गर्न सफल भएका हुन् ।
पोर्चुगिज फरवार्डले क्लब र देशका लागि औपचारिक प्रतियोगितामा ५४ गोल गरे । योसँगै उनले बायर्न म्युनिखका ह्यारी केन र पेरिस सेन्ट जर्मेनका किलियान एम्बाप्पेको ५२ गोल तथा म्यानचेस्टर सिटीका अर्लिङ हालान्डको ५० गोलको आँकडालाई उछिनेका हुन् । अब यीमध्ये कुनै पनि खेलाडीले सन् २०२३ मा अर्को खेल खेल्ने छैनन् ।
रोनाल्डो वर्षको सर्वाधिक गोलकर्ता बनेको यो पाँचौं पटक हो । यसअघि उनले सन् २०११, २०१३, २०१४ र



२०१५ मा रियल मड्रिडमा रहँदा यो उपलब्धि हासिल गरेका छन् । सन् २०१६ पछि उनले यति धेरै गोल गरेको पहिलोपटक हो । त्यतिबेला ५५ गोल गर्दै उनले पाँचौं बालोन डी ओरको उपाधि जितेका थिए । ३८ वर्षीय खेलाडीले आफ्नो उपलब्धिबारे इन्सटाग्राममा लेखेका छन्, '५४..यो कहिले अन्त्य हुन्छ, म भन्नेछु । धन्यवाद टिम !' रोचक कुरा, उनको पछिल्लो गोल म्यानचेस्टर युनाइटेडबाट विवादास्पद बहिर्गमनपछि साउदी क्लब अल नासर सँग आबद्ध भएको ठ्याक्कै एक वर्षमा आएको हो ।
शनिबारको जीतपछि अल नासर १९ खेलबाट ४६ अङ्क बटुल्दै लिगको दोस्रो स्थानमा छ । टोली शीर्ष स्थानमा रहेको अल हिलालभन्दा ७ अङ्कले पछि छ ।

# विश्व बजारमा कच्चा तेलको भाउ झन्डै ११ प्रतिशतले घट्यो

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १५ पौष

यो वर्ष विश्व बजारमा कच्चा तेलको भाउ दोहोरो अंकले घटेको छ । यो वर्षको अहिलेसम्मको अवधिमा तेलको भाउ झन्डै ११ प्रतिशतले घटेको हो । पेट्रोलियम निर्यातकर्ता देशहरूको संगठन (ओपेक) बाहिरबाट कीर्तिमानी स्तरमा तेल उत्पादन भएपछि बजारमा चाहिने भन्दा धेरै आपूर्तिको समस्या देखिने चिन्ताले बजार बियरिस बनेको समाचारमा उल्लेख छ ।
शुक्रबार अर्थात् यो वर्षको अन्तिम दिनको कारोबार न्यूयोर्क मर्कन्टाइल एक्सचेन्जको कोमेक्स डिभिजनमा फेब्रुअरी डेलिभरीको वेस्ट टेक्सस इन्टरमिडियट (डब्ल्यूटीआई)को भाउ शून्य दशमलव १७ प्रतिशतले घटेर प्रतिब्यारेल ७१ डलर ६५ सेन्टमा आएको थियो । लन्डनस्थित आईसीई एक्सचेन्जको कोमेक्स डिभिजनमा मार्च डेलिभरीको ब्रेन्ट क्रुडको भाउ पनि शून्य दशमलव १४ प्रतिशतले घटेर ७७ डलर शून्य ४ सेन्टमा ओर्लियो । यो वर्ष यूएस क्रुडको भाउ सन् २०२० यता पहिलो पटक घटेको छ ।



गाजामा विध्वंसकारी युद्धका कारण मध्य पूर्वमा तनाव जारी रहँदा भूराजनीतिक जोखिम चुलिएको छ । यस्तोमा पनि तेलको भाउ भने सन् २०२३ मा घट्यो । यो वर्षको शुक्रबारसम्मको अवधिमा डब्ल्यूटीआईको भाउ १० दशमलव ७३ प्रतिशतले घटेको छ । ब्रेन्टको भाउमा पनि १० दशमलव ३२ प्रतिशतको कमी देखिएको छ । लाल सागरबाट सामान ढुवानी गर्ने जहाजहरूमा आक्रमणपछि विश्वको व्यापार अनि कच्चा तेलको आपूर्तिमा अवरोध उत्पन्न हुने चिन्तामा मंगलबार भने कच्चा तेलको भाउ झन्डै ३ प्रतिशतले बढे । मध्य पूर्वमा युद्ध भड्किने आशंकाले पनि तेलको भाउमा केही वृद्धि गराएको थियो ।

**अमेरिकामा कीर्तिमानी उत्पादन**

अहिले अमेरिकाले कीर्तिमानी स्तरमा कच्चा तेल उत्पादन गरिरहेको छ । गएको हप्ता मात्रै त्यहाँ दैनिक १ करोड ३३ लाख ब्यारेल तेल उत्पादन भएको अनुमान छ । ब्राजिल र गुयानामा पनि उत्पादन यस अघि कहिले नदेखिएको स्तरमा उक्लिएको छ । ओपेक बाहिर ऐतिहासिक स्तरमा कच्चा तेलको उत्पादन भइरहेको बेलामा विश्वका अधिकांश मुख्य अर्थतन्त्र सुस्ताइरहेका छन् ।


## जाडोको समयमा चिसोबाट बचौं




- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





सम्सी गाउँपालिकाको कार्यालय, महोत्तरी




ADMISSION OPEN !
FROM CLASS PG TO ABOVE




GYAN GANGA INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-12,AIRPORT ROAD
CONTACT : 9824877627/9844027971

# विश्वसँग पदचाप मिलाउन हामी कहाँ-कहाँ चुक्यौं ?

मेरो तत्कालीन समयचेतनाले मलाई राजनीतितर्फ नडोऱ्याएको भए सायद म पनि यहीं कतै यही हुलमा हुन्थें होला भन्ने मिठो कल्पना यो र ाजमार्गको पल्लो कुइनेटो काटेर विश्वविद्यालयतर्फ मोडिइरहँदासम्म मेरो मनमा आइरहेको थियो। मेरो त्यो पूरा नभएको सपनातर्फ डोऱ्याउनु हुने काठमाडौं विश्वविद्यालय परिवारलाई फेरि पनि धन्यवाद दिन चाहन्छु। मेरो आशय राजनीतिमा लागेर म तपाइँहरूबाट टाढा छु वा फरक हुँ भन्ने कदापि होइन। यहाँ म विभिन्न चरणका औद्योगिक क्रान्तिहरूका अन्तर्य र त्यो बखतको नेपाली वस्तुस्थिति, हामीले तत्काल र दीर्घकालमा सम्बोधन गर्नुपर्ने र गर्न सकिने केही अर्थ-राजनीतिक मुद्दाहरूको व्याख्या, तत्काल र दीर्घकालमा सम्बोधन गर्नुपर्ने र गर्न सकिने केही अर्थ-राजनीतिक मुद्दाहरू र नेपाली उच्चशिक्षा क्षेत्रले समुन्नत नेपाल निर्माणमा निर्वाह गर्न सक्ने भूमिका बारे चर्चा गर्नेछु। समतामूलक विकास वा समृद्धि सरलरेखीय व्याख्या हुन सक्दैन। न त एउटा देशको अनुभव वा खाका हुबहु अर्को देशमा लागू हुन्छ। तथापि मोटामोटी विकासको मोडेल वा खाका र एक कुनाको अनुभव गोलार्धको अर्को छेउको समाजको लागि सिकाइपूर्ण हुन्छ नै। तसर्थ, विभिन्न चरणका औद्योगिक क्रान्तिका अवयव र तथ्यहरूको साँचोमा नेपाली समाजको तात्कालिक यथार्थ हेरौं। आधुनिक मानव समाजको सचेत हस्तक्षेपका कारण आजका दिनसम्म भएका औद्योगिक छलाङहरूको चार चरण छन्। यसलाई औद्योगिक क्रान्ति पनि भनिन्छ।


अब म कुरो गर्दैछु लगभग ईस्वी संवत् १७६५ देखि आजसम्मको। अर्थात् पहिलो औद्योगिक क्रान्तिको समय र आजसम्मको चार चरणको भनिएको औद्योगिक क्रान्तिहरूको। आधुनिक औद्योगिक क्रान्तिका प्राविधिक, सामाजिक, आर्थिक र सांस्कृतिक विशेषताहरू थिए। जस्तो कि नयाँ आधारभूत सामग्रीहरूको पहिचान र प्रयोग; मुख्यत: फलाम र इस्पात व्यापक प्रयोग भएको थियो। कोइला, स्टिम इन्जिन, बिजुली, पेट्रोलियम जस्ता इन्धन लगायत नयाँ ऊर्जा स्रोतहरूको व्यापक प्रयोग भएको थियो। नयाँ प्रकारको इन्जिन र नयाँ मेसिनहरूको आविष्कार जसले कमभन्दा कम मानवीय ऊर्जा र खर्चमा उत्पादन बढाउँथ्यो र बढायो पनि। कारखाना भनेर चिनिने कामको नयाँ सङ्गठन प्रणाली जसले श्रमको विभाजन र विशेषज्ञताको आधारमा उत्पादकत्व बढायो। स्टिम लोकोमोटिभ, स्टिमशिप, अटोमोबाइल, हवाईजहाज, टेलिग्राफ र रेडियो सहित यातायात र सञ्चारमा महत्त्वपूर्ण विकासहरू भए। उद्योगमा विज्ञानको बढ्दो प्रयोग र विज्ञानलाई (सामाजिक पनि) उद्योगमा कामकाजी बनाउन सहयोगी उच्चशिक्षा र त्यसप्रकारको राज्यव्यवस्थाको लगातार परिमार्जन र यस प्रकारका नाफामूलक प्राविधिक परिवर्तनहरू जसको सहायताले प्राकृतिक स्रोतहरूको अत्यधिक प्रयोगले बृहत्तर उत्पादनलाई सम्भव बनायो । हामी यस्तो समयमा बाँचिरहेका छौं जहाँ प्राकृतिक स्रोतको अतिदोहनले खतराको घण्टी बजाइसकेको छ। यसलाई सच्याउने प्रयास भएका छन् तर ती निकै साना-साना प्रयासहरू हुन्। तर यसै बीचमा पनि नयाँ प्रकारको औद्योगिक क्रान्तिवाला आधार तयार भएका छन् जस्तै एआई र नवीकरणीय ऊर्जामा विकास । यस्तै विभिन्न चरणबाट गुज्रेको सन् १७६५ देखि २०२३ सम्मको समयको निर्मम व्याख्या र समग्र नेपाली समाजले किन मूलधारे विकासमा लय मिलाउन सकेन, छलफल गर्न ढिला नगरौं। विश्वविद्यालयहरू यसतर्फ अग्रसर हुनु राम्रो सङ्केत हो। के चैं हुन्छ त औद्योगिक विकास वा क्रान्तिले ? औद्योगिक क्रान्तिले उद्योग मात्र होइन गैर-औद्योगिक क्षेत्रको पनि बढोत्तरी गराउँदो रहेछ, आर्थिक इतिहास यसै भन्छ। जस्तै: जुन जुन देशमा उद्योगले फड्को माऱ्यो, ती देशमा कृषिमा पनि सुधार भयो जसले ठूलो गैर-कृषि जनसङ्ख्यालाई खाद्यान्नको व्यवस्था गर्न सम्भव बनायो। उद्योग र कृषिको व्यापक विकासले सम्पत्तिको व्यापक पुन: वितरण भयो, भूमिको सीमितताले औद्योगिक उत्पादन बढाउन अन्तर्राष्ट्रिय व्यापारलाई नयाँ सम्पत्तिको स्रोतको रूपमा पहिचान भयो। आर्थिक शक्तिमा परिवर्तनलाई प्रतिबिम्बित गर्ने राजनीतिक परिवर्तनहरू, साथै औद्योगिक समाजको आवश्यकता अनुरूप नयाँ राज्य र नीतिहरू बन्दै गए। व्यापक सामाजिक परिवर्तनहरू भए। शहरहरूको वृद्धि, श्रमिक-वर्ग आन्दोलनहरूको बलमा अझ-विकास र श्रमिक अधिकारका नयाँ ढाँचाहरूको उदय। र, व्यापक सांस्कृतिक र आर्थिक रूपान्तरणहरूमा औद्योगिक क्रान्तिको भूमिका रह्यो। कामदारहरूले नयाँ र विशिष्ट सीपहरू हासिल गरे। र तिनीहरूको काम र उत्पादन सम्बन्धहरूको आम रूपमा रूपान्तरण र परिवर्तन भयो। कारखानाको निर्मम अनुशासनले मेसिनहरूको व्यापक प्रयोग सँगै श्रमिक झन् कजियो र श्रमको उत्पादन र उत्पादकत्व दुवैमा बढोत्तरी आयो। जहाँ-जहाँ औद्योगिक क्रान्ति भयो त्यहाँ आमरूपमा एक मनोवैज्ञानिक परिवर्तन आयो र समाज नै रूपान्तरित भयो। राज्य संयन्त्रहरू पनि क्रमश: परिवर्तित भए। प्राकृतिक स्रोतहरू दोहन र गलत प्रयोगमा मान्छेको झन्-झन् आत्मविश्वास बढ्यो। यसप्रकारको व्यापक परिवर्तनको ज्वारभाटामा हाम्रो नेपाली समाजले तैरिन पनि सिकेन, न त डुबेर विलायो, बर्बरिकले महाभारत युद्ध हेरे झैं हेरी मात्र रह्यो। प्रथम औद्योगिक क्रान्ति (सन् १७६५-१८७० सम्मको एक शताब्दी) भनेको कोइला, दोस्रो औद्योगिक क्रान्ति (सन् १८७०-१९६९ सम्मको एक शताब्दी) भनेको ग्याँस र पेट्रोलियम पदार्थ, तेस्रो औद्योगिक क्रान्ति (सन् १९६९-२००० सम्मको ३० वर्ष) भनेको इलेक्ट्रोनिक्स र आणविक ऊर्जा, र चौथो औद्योगिक क्रान्ति (२०००-आज सम्मको समय) भनेको इन्टरनेट र नवीकरणीय ऊर्जा हुन् भनिएको छ चल्तीका किताब र लेखहरूमा। यो २५० वर्षको इतिहासमा हामीले एक अद्भुत विकास देख्यौं, सुन्यौं र पढ्यौं पनि। यी औद्योगिक विकासहरू खास-खास देश वा क्षेत्रबाट सुरु भए। पहिलो औद्योगिक क्रान्ति बेलायतबाट सुरू भयो। वास्तवमा त्यो एक यान्त्रिकीकरणको विकास थियो। वरपरका देशले पनि फाइदा लिए र आजको राम्रो भनिएको यूरोपको जग बस्यो। परम्परागत उत्पादनका साधनलाई नयाँ, सस्तो र सजिलोको लागि गरिएको व्यवस्थापन नै पहिलो औद्योगिक क्रान्ति थियो। हामी के गर्दै थियौं त त्यो बेला ? गोरखा राज्यको काठमाडौं विजय (सन् १७६८) र कोतपर्व (सन् १८४६) वरपरको समय हामी के गर्दै थियौं त? हामीले न त उत्पादन र उत्पादकत्व बढाउन नयाँ खोज र कोइलाको प्रयोग गऱ्यौं न त बेल्जियमले झैं आर्थिक कूटनीतिको माध्यमले औद्योगिक क्रान्तिलाई आफ्नो हितमा प्रयोग गऱ्यौं। जबकि सन् १७४६ मा नै इष्ट इण्डिया कम्पनीको कलकत्ता शाखा स्थापना भइसकेको थियो। यसबाट पाठ सिक्न जरूरी छ र विश्वविद्यालयहरू यस कार्यका लागि उपयुक्त संस्था हुन्। हामी सयौं वर्ष पछि परिसकेका छौं। हामीले त्यो काम केही दशकमा गर्नुछ। हामीले घस्रिएर हैन, उफ्रिएर त्यो लक्ष्य पूरा गर्नुछ। पहिलो, दोस्रो, तेस्रो र चौथो औद्योगिक क्रान्ति एकैसाथ सम्पन्न गर्नुछ। त्यसनिम्ति हामीले टालटुले होइन, केही गम्भीर संरचनात्मक सुधार गर्नैपर्छ। पहिलो औद्योगिक क्रान्तिले तत्-तत् अर्थतन्त्रलाई कृषिबाट उद्योगमा परिणत गऱ्यो। प्रक्रियाहरू यान्त्रिक भए। दैनिक प्रयोगका सामानहरू उत्पादन र निर्यातका वस्तु भए । यस अवधिमा कोइलाको खोज र यसको सामूहिक निकासी साथै स्टीम इन्जिन र धातुजन्य मेसिनहरूको विकासले सामानहरू उत्पादन र आदानप्रदान गर्ने तरिकालाई पूर्ण रूपमा परिवर्तन गऱ्यो। कपडा बनाउनका लागि स्पिनिङ मेसिन र लुम जस्ता आविष्कारहरूले आफ्नो उपस्थिति बनायो। यी सामानहरू विदेशमा बेच्न सरकारीस्तरमा संस्थानहरू बने, घुम्न र सामान ओसार्नका लागि जलयातायातको विकास भयो र जनावरमा आधारित यातायात प्रणाली प्रतिस्थापित भयो। हामीले के गर्दै थियौं त? राज्य विस्तारका केही प्रयास, धातुका खानी पहिचान र सानो स्तरको भए पनि प्रयोग भएको थियो। तर कोइलाको गुणात्मक प्रयोग हामीले गरेनौं, गर्न जानेनौं। तसर्थ, पहिलो औद्योगिक क्रान्तिको बाछिटा नेपालमा आयो तर हामी त्यसमा निथ्रुक्क भिजेनौं र पछि पऱ्यौं। इतिहासबाट पाठ सिकौं, अब पछि नपर्ने प्रण गरौं। पहिलो औद्योगिक क्रान्ति कोइलाको व्यापक प्रयोगले निर्देशित हुनाले दोस्रो क्रान्ति कोइलाको भरपर्दो विकल्पमा आधारित थियो। त्यो समय भरपर्दो बिजुली, ग्याँस र तेलको वरिपरि घुमेको थियो। वैज्ञानिक आविष्कारदेखि यी इन्धन स्रोतहरूको खोज र व्यवस्थापन नै राज्यशक्तिको स्रोत हुन गयो। विश्वविद्यालयहरू पनि यसकै वरपर घुमेका थिए। स्टिलजन्य र रासायनिक प्रक्रियामा आधारित उत्पादनहरूले बजार कब्जा गऱ्यो। सञ्चारप्रविधिको विकासले टेलिग्राफको टेलिफोनमा स्तरोन्नति भयो। विमान र कारको आविष्कारसँगै यातायातले फड्को मार्दै गयो। मेकानिकल उत्पादन ठूलो मात्रामा बढ्यो। युद्ध, राजनीतिक परिवर्तन, नवीन खोजहरू सबै सबैको सार नै कसरी सस्तोमा मास प्रोडक्सन गर्ने र इकोनोमिक्स अफ स्केलको आधारमा बजार कब्जा गर्ने र बृहत्तर पूँजी निर्माण गर्ने भन्नेमा केन्द्रित रह्यो। यो दोस्रो औद्योगिक क्रान्तिको सालाखाला सय वर्षको समयको काम हो।

साभार : अनलाइनखबर




## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।


महोत्तरी गाउँपालिकाको कार्यालय,महोत्तरी

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





बर्दिबास नगरपालिकाको कार्यालय,महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday